## १. भूमिकाः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६४ मा विभिन्न मन्त्रालले सम्पादन गर्नुपर्ने कार्यहरु तोकिएको हुन्छ । यी कार्य सम्पादन गर्न मन्त्रालय अन्तर्गत विभिन्न विभाग, कार्यालय एवं आयोजनाहरूको स्थापना गरिएको हुन्छ। यीनै प्रशासनिक संरचनाको माध्यमबाट आफ्ना कार्यक्रम सम्पादन गर्ने गर्दछ । प्रशासनिक निकाय सरकारका निर्णयलाई कार्यान्वयन गर्ने प्रमुख अङ्ग तथा राज्य व्यवस्था सञ्चालन गर्ने सक्षम माध्यम पनि हो । सरकारले यस्ता निकाय/कार्यालयबाट भएका कार्यको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी समिक्षा गर्ने तथा देखिएका कमी कमजोरी न्यूनिकरण गर्ने उपायको व्यवस्था मिलाएको हुन्छ । सामान्य प्रशासन मन्त्रालयवाट सम्पादन गरिने व्यवस्थापन परीक्षण त्यस्तै कमी कमजोरी हटाई सुधारका उपाय पहिल्याउने संयन्त्र हो। विभिन्न निकाय/कार्यालयमा के कस्ता ढंगवाट कार्यहरु सम्पादन भएका छन् ? कार्य सम्पादनको सिलसिलामा प्रचलित ऐन/नियमको परिपालना भएको छ /छैन ? र, के कस्ता समस्या सृजना हुन पुगेको छन् ? भन्ने विषयको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक नियन्त्रण समेत गर्न निजामती सेवा ऐन २०४९, (दोश्रो संशोधन) को दफा ७२क. तथा निजामती सेवा नियमावली, २०५० को नियम ३'क' मा **"व्यवस्थापन परीक्षण"** को व्यवस्था गरिएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७९।११ को निर्णयबाट व्यवस्थापन परीक्षण निर्देशिका लागू भई सोही निर्देशिका अनुसार व्यवस्थापन परीक्षण गर्ने गरिएको छ । यसको अतिरिक्त नेपाल, सरकार अर्त मन्त्रालयवाट वित्तीय व्यवस्थापन सुधार सम्बन्धी कार्यतालीका तयार भई छानिएका १०(दश) वटा आयोजनाको व्यवस्थापन परीक्षण गरी प्राप्त नतिजा एवं प्रतिवेदनको आधारमा कर्मचारी प्रशासन तथा व्यवस्थापनका कारणले आयोजना कार्यान्वयनमा देखिएको समस्याको पहिचान गरी त्यसको निदानका लागि यथोचित मार्ग अवलम्बन गर्न सुझाव दिइने छ। यसै सन्दर्भमा मिति २०६७।११।२३ गते देखि २०६७।१२।०३ गतेसम्म शिक्षा मन्त्रालय अन्तर्गत रहेको **"विद्यालय क्षेत्र सुधार योजना"**को व्यवस्थापन परीक्षण गरिएको हो ।

## २. व्यवस्थापन परीक्षणमा प्रयुक्त विधि :-

१. व्यवस्थापन परीक्षणको लागि अभिलेख लिन तयार गरिएको फाराम तथा व्यवस्थापन परीक्षण निर्देशिका सम्बन्धित निकायमा उपलब्ध गराई फाराम भराईएको ।

२. प्रशासकीय तथा अन्य व्यवस्थापकीय काम कारवाहीहरु नियम सम्मत भए/नभएको सम्बन्धमा सम्बन्धित कार्यालयको कार्यालय प्रमुख (उपस्थित भएसम्मको) को उपस्थितिमा तहाँ कार्यरत कर्मचारीहरुको सहयोगमा निरीक्षण/परीक्षण गरिएको ।

३. परीक्षणबाट देखिएका अनियमित काम कारवाही तथा सेवाग्राहीहरुलाई उपलब्ध गराउन पर्ने सेवा सुविधा बारे कार्यालय प्रमुखसँग छलफल गरी त्रुटी र समस्या पहिचान गरी आगामी दिनमा त्यस्ता त्रुटीहरु हुन नदिनुका साथै त्यस्ता

निकायवाट प्रदान गरिने सेवा प्रवाहलाई अझ व्यवस्थित बनाउने उपायका सम्बन्धमा छलफल गरी निश्कर्ष निकालिएको ।

४. व्यवस्थापन परीक्षणको माध्यमवाट हाल कायम रहेको संगठन संरचना र कार्य प्रकृति उपयुक्त छ/ छैन? यकिन गरिएको। योजनालाई अझ प्रभावकारी रूपमा संचालन गर्न हालको योजना संचालनको ढाँचा र संगठन संरचनामा परिवर्तन वा परिमार्जन गर्नुपर्ने देखिए सुझाव पेश गर्ने।

५. योजनाको मानव संशाधन व्यवस्थापनको वर्तमान अवस्था र भविष्यमा यस सम्बन्धमा गरिनुपर्ने सुधारका विषय।

६. शिक्षा विभागका योजनासँग सम्बन्धित कर्मचारीसँग सामुहिक छलफल तथा अन्तर्क्रिया गरिएको ।

## ३. व्यवस्थापन परीक्षण टोली :-

शिक्षा विभाग अन्तर्गत रहेको "विद्यालय क्षेत्र सुधार योजना" को व्यवस्थापन परीक्षण गर्न देहाय वमोजिमको टोली खटिएको थियो।

(क) उपसचिव एवं टोली प्रमुख श्री विश्वप्रकाश अर्याल

(ख) मन्त्रालय/कार्यालय : सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं

(ग) टोलीमा खटिएका अन्य कर्मचारीको विवरण : उपसचिव श्री प्रेम प्रसाद घिमिरे, उपसचिव श्री पवन कुमार तिमिल्सेना, लेखा अधिकृत (वि.) श्री बाबुराम थापा र नायब सुब्बा श्री रोशन ओझा ।

## ४. व्यवस्थापन परीक्षण गरिएको निकाय/कार्यालय :- विद्यालय क्षेत्र सुधार योजना, सानोठिमी, भक्तपुर ।

(क) कार्यालय प्रमुखको नाम : डा. लवदेव अवस्थी

(ख) पद र श्रेणी : महानिर्देशक, रा.प.प्रथम श्रेणी, शिक्षा सेवा।

(ग) कार्यालय अवस्थित रहेको जिल्ला, अञ्चल र क्षेत्र : सानोठिमी, भक्तपुर, बाग्मती, मध्यमाञ्चल विकास क्षेत्र ।

(घ) **कार्यालयको पृष्ठभूमि :**

मुलुकको शैक्षिक क्षेत्र द्रुत गतिमा विकसित एवम् विस्तारित भइरहेको परिप्रेक्षमा शिक्षा मन्त्रालय मार्फत सञ्चालित नीति, योजना र कार्यक्रमहरूलाई देशव्यापीरूपमा प्रभावकारी ढङ्गबाट कार्यान्वयन र अनुगमन गर्ने निकायका रूपमा शिक्षा विभागको स्थापना भएको हो । तत्कालिन अवस्थामा सञ्चालित आधारभूत तथा प्राथमिक शिक्षा परियोजना र माध्यमिक शिक्षा विकास परियोजनाअन्तर्गत सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिई एकीकृतरूपमा सार्थक कार्यान्वयनको लागि विभाग स्थापना भयो। नेपाल सरकारबाट २०५६ जेठ ९ गते राजपत्रमा सूचना प्रकाशित गरी आधारभूत तथा प्राथमिक शिक्षा परियोजना र माध्यमिक शिक्षा विकास परियोजनाद्वारा सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता प्रदान गर्न तथा क्षेत्रीय शिक्षा निर्देशनालय एवम् जिल्ला शिक्षा कार्यालयहरूलाई सक्रिय बनाई विद्यालयको विद्यमान शैक्षिक प्रणालीलाई अझ बढी प्रभावकारी बनाउन शिक्षा मन्त्रालय अन्तर्गत शिक्षा विभागको गठन गरिएको हो ।विद्यालय क्षेत्र सुधार योजना छुट्टै योजनाको रूपमा संचालित नभई शिक्षा विभागवाटै संचालित भएकोले त्यसै वमोजिमका विवरण प्रस्तुत गरिएको छ।विगतमा संचालित **"सबैका लागि शिक्षा"** परियोजनाको निरन्तरताको रुपमा समेत **"विद्यालय क्षेत्र सुधार योजना"** आएको देखिन्छ।

१) **शिक्षा विभागको परिकल्पना**

जीवनोपयोगी र गुणात्मक शिक्षाको माध्यमद्वारा शिक्षित, सुसंस्कृत र समुन्नत तथा गतिशील समाजको स्थापना र विकास गर्न सहयोग पुऱ्याउन गुणस्तरीय शिक्षाको विकास तथा विस्तार गर्ने ।

२) **शिक्षा विभागको लक्ष्य**

शिक्षालाई विकासको संवाहक बनाउने दृष्टिकोणले सबैलाई आधारभूत शिक्षा उपलव्ध गराउने तथा सोभन्दा अगाडिको विद्यालयस्तरीय शैक्षिक अवसर सहज बनाउने ।

३) **शिक्षा विभागको रणनीति**

- शिक्षामा सबैको पहुँच बढाउन र गुणस्तरीय शिक्षाको विकास र विस्तार गर्ने दिशामा स्थानीय तहलाई नै जिम्मेवार र उत्तरदायी बनाई विद्यालय सञ्चालन गर्ने अधिकारलाई विकेन्द्रित गर्दै उनीहरूको भूमिकालाई सवलीकरण गर्न स्थानीय र सामुदायिक तहलाई सहयोग पुऱ्याउने,

- प्रतिस्पर्धी, समयसापेक्ष र समर्थ जनशक्ति तयार गर्ने, विद्यालय शिक्षाको विकासलाई तीव्र बनाउन सार्वजनिक, गैरसरकारी र निजी क्षेत्रको सामञ्जस्यपूर्ण सहकार्यलाई प्रबर्द्धन एवम् सहजीकरण गर्ने,

- केन्द्रदेखि विद्यालय तहबाट गरिने शैक्षिक कार्य र प्रक्रियालाई पारदर्शी बनाई सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन विभाग र अन्तर्गतका कार्यालयहरूको संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउने,

- सवै सरोकारवाला पक्षहरूलाई जिम्मेवार र जवाफदेही बनाई विद्यालय शिक्षाको समग्र विकास गर्ने र शैक्षिक दृष्टिले पिछडिएका वर्ग, समूह र महिलाहरूको शिक्षामा पहुँच बढाउने कार्यक्रमिक योजनाहरू तयार गर्ने ।

४) **शिक्षा विभागको कार्यनीति**

- शैक्षिक संस्था एवम् निकायहरूलाई आवश्यक प्राविधिक सहयोग गरी उनीहरूको सवलीकरण गर्ने,

- शिक्षामा सवैको पहुँच बढाउने, शिक्षाको विकास र विस्तार गर्ने तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका लागि शैक्षिक संस्थाहरूको क्षमता विकास गर्ने,

- विद्यालय शिक्षाको उपलब्धिलाई सुनिश्चित गर्ने उद्देश्यले अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सशक्त बनाउने,

- सम्वन्धित शैक्षिक संस्था तथा निकायहरूलाई मार्ग निर्देशन गर्ने र विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गर्नका लागि नियामकको भूमिका निर्वाह गर्ने ।

(ङ) **शिक्षा विभागका उद्देश्यहरूः-**

- निर्धारित नीति–नियमका आधारमा आधारभूत तथा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक शिक्षाको योजना तथा बजेट तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने,

- शिक्षा मन्त्रालयले बनाएका नीति–नियमहरूका आधारमा प्राथमिक र माध्यमिक शिक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने,

- प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, र उच्च माध्यमिक शिक्षासम्बन्धी कार्यक्रमहरूको रेखदेख, अनुगमन एवम् मूल्याङ्कन गर्ने र त्यसको प्रगति प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाउने,
- कर्मचारीहरूको वृत्ति विकासका लागि योजना तयार गरी शिक्षा मन्त्रालयमा पेश गर्ने,
- शिक्षा विभागको कार्यक्रम कार्यान्वयन गर्दा केन्द्रीय निकायहरूका कार्यक्रमसँग समन्वय हुने गरी कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने,
- शिक्षा मन्त्रालय र मन्त्रालयसित सम्बन्धित निकायहरूबाट क्षेत्र र जिल्लास्तरमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरूका निमित्त आवश्यक पर्ने जनशक्ति उपलव्ध गराई सहयोग गर्ने,
- दातृसंस्थाहरूको सहयोगबाट सञ्चालित शैक्षिक कार्यक्रमहरूको बजेट खर्च सम्बन्धित निकायबाट गर्ने/गराउने र त्यसको लेखा परीक्षणको व्यवस्था गरी–गराई समयमै सोधभर्ना लिने व्यवस्थासमेत गर्ने,
- जिल्लास्तरमा स्रोतकेन्द्रहरूको स्थापना र तिनीहरूको व्यवस्थापन गर्ने ।

(१) **विद्यालय क्षेत्र सुधार योजनाको परिचयः-**

नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा परिलक्षित आधारभूत तथा माध्यमिक शिक्षाका लक्ष्य तथा उदेश्यहरू प्राप्त गर्न आ.व. २०६६/६७ देखि २०७२/७३ सम्म ७ (सात) वर्षका लागि तयार गरिएको एउटा दीर्घकालीन रणनीतिक योजनाको रूपमा **"विद्यालय क्षेत्र सुधार योजना"** कार्यान्वयनमा आएको हो। विद्यालय क्षेत्र सुधार योजना हाल संचालनमा आईरहेका कार्यक्रमहरू, जस्तैः सवैका लागि शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम तथा शिक्षक शिक्षण योजनाहरूको निरन्तरता नैं हो।यो योजनाले विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई शिक्षामा पहुँच पुर्‍याउन जोड दिँदै शिक्षा क्षेत्रको सक्षमता तथा सेवा प्रवाहको प्रभावकारिता वृद्धि गरी सवै वालवालिकाहरूलाई सिकाईको अवसरको प्रत्याभूति दिने लक्ष्य लिएको छ।

विद्यालय क्षेत्र सुधार योजना सवैका लागि शिक्षा, राष्ट्रिय कार्ययोजना, सन २०११-२०१५, त्रि-वर्षीय अन्तरिम योजना तथा विद्यालय क्षेत्र सुधार योजनाको मूल दस्तावेजलाई आधार मानी विकास गरिएको हो।यस योजनाका लगि प्रथम पाँच वर्षको लागि अनुमानित बजेट रकम अमेरिकी डलर २.६२६ विलियन रहेको छ। नेपाल सरकारवाट पाँच बर्षका लागि प्राप्त हुने अनुमानित रकम अमेरिकी डलर २.००२ विलियन छ। विकास साझेदारहरूले ५०० मिलियन अमेरिकी डलर प्रदान गर्ने प्रतिवद्धता व्यक्त गरेका छन भने योजना कार्यान्वयनको लागि १२४ मिलियन अमेरिकी डलर अझै नपुग रहेको छ।

## (२) शिक्षा विभागका विकासात्मक कार्यहरु

### क) विगतमा सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु

१. सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९)

२. माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००९)

३. सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२००३-२००७)

४. विद्यालय भौतिक सुविधा विस्तार आयोजना (२००८-२००९)

### ख) चालु आयोजना तथा कार्यक्रमहरु

१. विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१३)

२. दोश्रो उच्च शिक्षा परियोजना (२००७-२०१२)

३. सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम

४. सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम

## (३) विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१३) को प्रमुख लक्ष्यहरूः-

१. आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकास गर्नु।

२. शिक्षालाई अधिकारको रुपमा लिई विद्यालयमा बालमैत्री वातावरण मार्फत गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्नु।

३. प्रतिस्पर्धी तथा सीपयुक्त जनशक्तिको उत्पादन गरी राष्ट्रिय विकासको आवश्यकता पूरा गर्ने तथा उच्च शिक्षाका लागि भरपर्दो आधारशीला तयार पार्नु।

## (४) विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१३) का उपक्षेत्रगत कार्यक्रमहरु

१. प्राथमिक बाल विकास तथा शिक्षा

२. आधारभूत शिक्षा

३. माध्यमिक शिक्षा

४. साक्षरता तथा जीवनपर्यन्त सिकाई

५. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

६. शिक्षकको पेशागत विकास

७. क्षमता विकास

८. अनुगमन तथा मूल्याङ्कन

## (५) विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१३) का मूख्य चुनौतीहरु

**क) प्रभावकारी कार्यान्वयन सम्बन्धी :-**

१. योजनाको अवधारणा बमोजिमको नीतिगत सुधार र कानूनी प्रवन्ध मिलाउने

२. शैक्षिक एवं प्रशासनिक संरचनाहरुको सुधार गर्ने

**ख) अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन सम्बन्धीः-**

१. कानूनी प्रवन्ध

२. स्थानीय निकायको सहभागिता

३. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने विषयमा लक्षित विद्यार्थीको पहिचान, दीगो स्रोतको व्यवस्थापन र अवसर एवं लागत

**ग) माध्यमिक तह निशुल्क गर्ने सम्बन्धीः-**

१. एकिकृत एवं दीगो श्रोतको व्यवस्थापन एकीकृत

२. माध्यमिक शिक्षा कक्षा (९-१२) को कार्यान्वयन

**घ) जिल्ला तहमा सेवा प्रवाहको प्रभावकारिता अभिबृद्धि सम्बन्धीः-**

१. जिल्ला शिक्षा समिति गठन

२. कर्मचारी व्यवस्थापन र पदपूर्ति

३. बढ्दो आर्थिक अनुशासनहिनता र बेरुजु फछ्र्यौट गर्ने विषय

४. श्रोत केन्द्रका कामको प्रभावकारिता अभिबृद्धि गर्ने

**ङ) शिक्षक व्यवस्थापन सम्बन्धीः-**

१. जिल्ला तहमा विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान

२. स्थायी पदपूर्ति गर्ने विषय

३. उच्च माविका शिक्षकहरुको व्यवस्थापन

**च) विद्यालय तहमा प्रभावकारी व्यवस्थापन र गुणस्तरीय सिकाईको सुनिश्चितता सम्बन्धीः-**

१. विद्यालय व्यववस्थापन समिति गठन र क्रियाशीलता

२. विद्यालय अनुमति दिने प्रकृयालाई व्यवस्थित गर्ने

३. विद्यालय गाभ्ने विषय

४. विद्यालयमा कर्मचारीको प्रवन्ध

५. विद्यालय व्यवस्थापन र लेखापरीक्षण गराउने

६. विद्यालयको नियमित अनुगमन

७. संस्थागत विद्यालयहरुश्रको नियमन

८. स्थानीय तहमा क्षमता विकास सम्बन्धी

**(६) विद्यालय क्षेत्र सुधार योजनाको मूख्य मूख्य समस्याहरूः-**

१. विद्यालय शिक्षाको समग्र गुणस्तरमा सुधार

२. गुणस्तरको परिभाषा र मापदण्ड निर्धारण

३. विद्यालयमा न्यूनतम सिकाई वातावरणको सुनिश्चितता

४. निजी र सामुदायिक विद्यालयको बीचमा रहेको नतिजाको असमानतालाई कम गर्ने

५. पाठ्यपुस्तकको समयमा नै उपलव्धता

६. नरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी प्रयोग र सिकाई उपलव्धिको सुनिश्चिता

(च) **आर्थिक वर्ष २०६६।६७ का मूख्य वार्षिक कार्यक्रम र प्रगति :**

**शिक्षा विभागवाट प्राप्त प्रगति विवरणअनुसार देहाय वमोजिमको भौतिक प्रगति भएको देखिन्छः-**

| क्र.सं. | योजनाका प्रमुख क्रियाकलापहरू | एकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक वाल विकास र शिक्षा | | | | ६५.०० | |
| २. | पहुँचमा सुधार | | | | ९५.८१ | |
| ३. | साक्षरता र निरन्तर शिक्षा | | | | १००.०० | |
| ४. | शैक्षिक गुणस्तर अभिवृद्धि | | | | ९६.६७ | |
| ५. | शिक्षक र शिक्षा विकास | | | | ९९.२४ | |
| ६. | प्रभावकारी सेवा प्रवाहका लागि क्षमता अभिवृद्धि | | | | ९९.४४ | |
| ७. | विद्यालय व्यवस्थापन र अनुगमन | | | | १००.०० | |
| ८. | प्रोत्साहन तथा सहयोग | | | | १००.०० | |

(छ) **वार्षिक लक्ष्य र प्रगति बीचको अन्तर :**

समग्रमा भौतिक प्रगति ९७ प्रतिशत र वित्तीय प्रगति ७२ प्रतिशत भएको देखिन्छ । देहायका कारणले लक्ष्य अनुरूप प्रगति हाँसिल हुन नसकेको देखियोः-

१. समयमा रकम निकासा नभई टेन्डर प्रक्रियामा ढिलाई,

२. दातृ संस्थाबाट प्रतिवद्ध भएको रकम समयमा उपलब्ध नभएको।

३. कार्यक्रम तथा वजेट समयमै स्वीकृत हुने नगरेको।

५. **स्थलगत व्यवस्थापन परीक्षणको अवधिः-**

मिति २०६७।११।२३ देखि २०६७।१२।०३ सम्म जम्मा १० दिन

६. **व्यवस्थापन परीक्षणबाट देखिएको नतिजा :**

**क) संगठन संरचना सम्बन्धी :**

(१) राजपत्रांकित प्रथम श्रेणीको महानिर्देशक विभागीय प्रमुख रहने र ३ वटा महाशाखा रहेको यस विभागमा कूल दरवन्दी संख्या ८४ रहेकोमा ८ पद रिक्त रहेको देखियो । कूल स्वीकृत दरवन्दी र रिक्त पदको विवरण देहाय वमोजिम छः-

| सि. नं. | पद | श्रेणी र सेवा | समूह/उप-समूह | स्वीकृत दरवन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त मिति | रिक्त हुनाको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प.प्रथम | | १ | १ | - | | | |
| २. | निर्देशक | रा.प.प्रथम | शिक्षा प्रशासन | २ | २ | - | | | |
| ३. | निर्देशक | रा.प.प्रथम | प्रशासन | १ | १ | - | | | |
| ४. | उपनिर्देशक | रा.प.द्वितीय | शिक्षा प्रशासन | १ | १ | - | | | |
| ५. | उपनिर्देशक | रा.प.द्वितीय | शिक्षा प्रशासन | ९ | ९ | - | | | |
| ६. | प्रमुख लेखा नियन्त्रक | रा.प.द्वितीय | लेखा | १ | १ | - | | | |
| ७. | सिनियर डिभिजन इञ्जिनियर | रा.प.द्वितीय | विल्डीङ्ग एण्ड आर्किटेक्ट | १ | १ | - | | | |
| ८. | शाखा अधिकृत | रा.प.तृतीय | सामान्य प्रशासन | ३ | ३ | - | | | |
| ९. | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा प्रशासन | १७ | १७ | - | | | |
| १०. | सिभिल इञ्जिनियर | रा.प.तृतीय | विल्डीङ्ग एण्ड आर्किटेक्ट | २ | १ | १ | | | |
| ११. | लेखा अधिकृत | रा.प.तृतीय | लेखा | २ | २ | - | | | |
| १२. | कम्प्यूटर इञ्जिनियर | रा.प.तृतीय | विविध | १ | १ | - | | | |
| १३. | नायव सुब्बा | रा.प.अनं.प्रथम | सामान्य प्रशासन | ७ | ४ | ३ | | | |
| १४. | लेखापाल | रा.प.अनं.प्रथम | लेखा | २ | २ | - | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | शिक्षा | १३ | १२ | १ | | | |
| १६. | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | ३ | ३ | - | | | |
| १७. | सवइञ्जिनियर (ड्राफ्टम्यान) | रा.प.अनं.प्रथम | | १ | १ | - | | | |
| १८. | सवइञ्जिनियर | रा.प.अनं.प्रथम | विल्डीङ्ग एण्ड आर्किटेक्ट | १ | - | १ | | | |
| १९. | खरिदार | रा.प.अनं.द्वितीय | सामान्य प्रशासन | २ | १ | १ | | | |
| २०. | हलुका सवारी चालक | श्रेणीविहीन | मेकानिकल इन्जिनियरिङ्ग | ४ | ४ | - | | | |
| २१. | कार्यालय सहयोगी | श्रेणीविहीन | | १० | ९ | १ | | | |
| | | | जम्मा | ८४ | ७६ | ८ | | | |

(२) विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSR) का लागि शिक्षा विभाग र अन्तर्गत (दोश्रो उच्च शिक्षा परियोजना समेत) का लागि चालु आ.व. २०६७/६८ का लागि स्वीकृत अस्थायी दरवन्दी देहाय वमोजिम रहेको पाइयोः-

**(अ) राजपत्रांकित तर्फः-**

| **क्र.स.** | **पद** | **श्रेणी** | **सेवा** | **समूह** | **आ.व.२०६७/६८ का लागि स्वीकृत संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल इन्जिनियरिङ्ग | २८ | |
| २. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | इन्भारोमेन्ट | १ | |
| ३. | सफ्टवेयर कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | | १ | |
| ४. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | |
| ५. | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | ११ | |
| ६. | कानून अधिकृत | रा.प.तृतीय | न्याय | | १ | |
| ७. | स्रोत व्यक्ति | मा.शि. तृतीय | | | १०९१ | |
| | | | जम्मा | | ........... | |

विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSR) (अनौपचारिक शिक्षा तर्फ)

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | आ.व.२०६७/६८ का लागि स्वीकृत संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | ४ | |

**(आ) राजपत्र अनंकित तर्फः-**

विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSR) का लागि शिक्षा विभाग र अन्तर्गत (दोश्रो उच्च शिक्षा परियोजना समेत) का लागि चालु आ.व. २०६७/६८ का लागि स्वीकृत अस्थायी दरवन्दी देहाय वमोजिम रहेको पाइयोः-

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | आ.व.२०६७/६८ का लागि स्वीकृत संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सवइन्जिनियर | रा.प.अनं. प्र. | इन्जिनियरिङ्ग | सिभिल | १६२ | |
| २. | लेखापाल | रा.प.अनं. प्र. | प्रशासन | लेखा | ४१ | |
| ३. | कम्प्युटर अपरेटर/सहायक कम्प्युटर अपरेटर | रा.प.अनं. प्र./ रा.प.अनं. द्वि. | विविध | | १० | |
| ४. | प्लम्बर | रा.प.अनं. प्र. | | | १ | |
| ५. | खरिदार | रा.प.अनं. द्वि. | प्रशासन | सा.प्रशासन | ४ | |
| ६. | पुस्तकालय सहायक | रा.प.अनं. द्वि. | शिक्षा | पु .वि. | १ | |
| ७. | सह लेखापाल | रा.प.अनं. द्वि. | प्रशासन | लेखा | ३७ | |
| ८. | इलेक्ट्रिसियन | रा.प.अनं. द्वि. | | | १ | |
| ९. | ह.स.चा./भा.स.चा. | श्रेणीविहीन | इन्जिनियरिङ्ग | मेकानिकल | ३५ | |
| १०. | कार्यालय सहयोगी | श्रेणीविहीन | | | १२ | |

विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSR)कार्यक्रम अन्तर्गत खाद्य कार्यक्रम(कर्णाली अञ्चल) तर्फ

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | आ.व.२०६७/६८ का लागि स्वीकृत संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | २ | |
| २. | खरिदार | रा.प.अनं. द्वि | प्रशासन | सा.प्र. | २ | |
| ३. | कार्यालय सहयोगी/पाले | श्रेणीविहीन | | | ३ | |

(ख) **कार्यप्रक्रिया र कार्यालय विन्यास सम्बन्धीः-**

शिक्षा विभाग अन्तर्गत प्रशासन महाशाखा, शैक्षिक व्यवस्थापन महाशाखा र योजना तथा अनुगमन महाशाखा गरी ३ (तीन)वटा महाशाखा, ५(पाँच) वटा क्षेत्रीय निर्देशनालय, ७५ वटा जिल्ला शिक्षा कार्यालय, १३३१ वटा स्रोत केन्द्र रहेका छन। ३ (तीन) वटा महाशाखा अन्तर्गत १२(बाह्र) वटा शाखाहरू रहेका छन।

प्रशासन महाशाखा अन्तर्गत सामान्य तथा कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, भौतिक सेवा शाखा र शैक्षिक सामग्री व्यवस्थापन शाखा गरी ४ (चार) वटा शाखा, शैक्षिक व्यवस्थापन महाशाखा अन्तर्गत प्रारम्भिक बालविकास शाखा, विद्यालय व्यवस्थापन शाखा (माध्यमिक), विद्यालय व्यवस्थापन शाखा (प्राथमिक), लैङ्गिक समविकास शाखा शाखा र समाहित शिक्षा शाखा गरी ५(पाँच) वटा र योजना तथा अनुगमन महाशाखा अन्तर्गत अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा, अनुगमन तथा निरीक्षण शाखा र कार्यक्रम तथा बजेट शाखा गरी ३ (तीन) वटा शाखा रहेका छन।

विभागको कार्य र महाशाखा तथा शाखाहरुको संगठनात्मक संरचना, भवनको बनौट अनुसार Layout मिलेको देखिन्छ । एउटै कम्पाउण्डमा भएकोले आवत-जावत लगायतका कार्यमा सहयोग मिलेको देखियो । कार्यालयको सरसफाई लगायत सजावट व्यवस्था राम्रो रहेको पाइयो ।

(ग) फाजिल दरवन्दीः-

शिक्षा विभागमा फाजिलमा कुनै पनि कर्मचारी कार्यरत नरहेको पाइयो।

**(घ)** काज :

**शिक्षा विभागबाट काज खटिएका/ काजमा आएका कर्मचारीहरुको विवरण**

| सि. न. | पद | नाम, थर | पदाधिकार रहको कार्यालय | काज खटिएको कार्यालय | अवधि | काज खटाउने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उपसचिव | श्री राधाकृष्ण घिमिरे | शिक्षा मन्त्रालय | शिक्षा विभाग | २०६७।०६।१९ देखि हालसम्म | शिक्षा मन्त्रालय | |
| २ | विद्यालय निरीक्षक | श्री दिपक माझी | सदुर पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय | शिक्षा विभाग | २०६७।०८।१२ देखि हालसम्म | शिक्षा विभाग | |
| ३ | उपनिर्देशक | श्री गणेश पौडेल | जिल्ला शिक्षा कार्यालय, सल्यान | शिक्षा विभाग | २०६७।०९।०१ देखि हालसम्म | शिक्षा मन्त्रालय | विभागको रिक्त उपनिर्देशक पदमा |
| ४ | उपनिर्देशक | श्री दामोदर अचार्य | जिल्ला शिक्षा कार्यालय, रसुवा | शिक्षा विभाग | २०६७।०९।०४ देखि हालसम्म | शिक्षा मन्त्रालय | |
| ५ | उपनिर्देशक | श्री जीवन शर्मा पौडेल | शिक्षा विभाग | जिल्ला शिक्षा कार्यालय, रसुवा | २०६७।०९।०४ देखि हालसम्म | शिक्षा मन्त्रालय | जि. शि. अ. पदमा |

(ङ) तलवी प्रतिवेदन र बेरुजू :

१. आ.व.२०६४/६५ देखि हालसम्म तलवी प्रतिवेदन पारित नगराई कर्मचारीलाई तलव वितरण गरिएको पाइयो।

२. शिक्षा विभागको गत आ.व. २०६६/६७ सम्मको वेरूजु रकम करिव ४ अर्व २१ करोड रहेको मौखिक जानकारी पाइएको। विद्यालय क्षेत्र सुधार योजना गत आ.व. वाट मात्र शुरू भएको र त्यसको वेरुजु रकमको विवरण विभागले उपलव्ध नगराएको।

(च) परीक्षणको क्रममा देखिएका अनियमितता :

१. शिक्षा विभागमा रिक्त हुन आएको कुनै पनि पद पदपूर्तिको लागि निजामती सेवा ऐन, २०४९ को दफा ७क तथा निजामती सेवा नियमावली, २०५० को नियम १३ वमोजिम माग आकृति फाराम भरी लोक सेवा आयोगमा नपठाइएको।

२. निजामती सेवा ऐन, २०४९ को दफा ७ख को उपदफा (२) मा कुनै पनि निजामती कर्मचारीलाई तलवी प्रतिवेदन पास नगराई तलव खुवाउन नहुने व्यवस्था भएको तर आ.व. २०६४/६५ देखि हालसम्म तलवी प्रतिवेदन पास नगराई तलव प्रदान गरेको पाइयो।

३. निजामती सेवा ऐन तथा नियमावलीमा कुनै पनि निजामती कर्मचारीलाई ३(तीन) महिना भन्दा वढी अवधिसम्मको लागि काजमा खटाउन नपाइने व्यवस्था भएको तर शिक्षा मन्त्रालयले उपसचिव, उपनिर्देशक, जिल्ला शिक्षा अधिकारी र विद्यालय निरीक्षकलाई समेत अनिश्चितकालीन काजमा राखेको पाईयो। कार्यालय प्रमुखलाई समेत शिक्षा विभागमा नियम विपरित काजमा खटाइएको पाइयो।

४. सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रत्येक वर्ष जिन्सी निरीक्षण गर्नुपर्ने व्यवस्था भएता पनि गत आ.व. ०६६/६७ देखि जिन्सी निरीक्षण नभएको पाइयो।जिन्सी निरीक्षणका लागि हालसम्म चारपटक समिति गठन भएको तर कुनै कार्य प्रगति हुन नसकेको। यसवाट सरकारी सम्पतिको वास्तविक अवस्था थाहा हुन नसकेको।

५. शिक्षा विभागमा ठूलो संख्यामा रहेका सवारी साधन, फर्निचर, विभिन्न विद्युतीय उपकरण तथा मेसिन औजारको यथोचित प्रयोग र मर्मत संभार नगरी सरकारी सम्पतिको संरक्षण नगरेको पाइयो।प्रयोगमा नआउने जिन्सी सामान विगत ४(चार) वर्षदेखि लिलाम नगरिएको। सवारी साधन, फर्निचर, विभिन्न विद्युतीय उपकरण तथा मेसिन औजारको यथोचित मर्मत संभार गरी प्रयोगमा ल्याउनु पर्ने र प्रयोगमा आउन नसक्ने जिन्सी मालसमान भए सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम आवश्यक प्रक्रिया पुर्‍याई लिलाम गर्नु पर्नेमा त्यसो गरेको पाइएन।

६. निजामती सेवा ऐन, २०४९ को दफा ४०घ वमोजिम कुनै पनि निजामती कर्मचारीले सरकारी मनोनयनमा अध्ययन गर्न, तालीम लिन वा अध्ययन भ्रमण गर्न जानुभन्दा अघि त्यस्तो अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरी फर्केर आई दफा ४०ग. मा तोकिए वमोजिमको अवधिसम्म अनिवार्य रूपले सेवा गर्नु पर्ने गरी कबुलियत गर्नु/ गराउनुपर्नेमा त्यसो गरे/ गराएको पाइएन।

७. विगतका लेखा परीक्षण प्रतिवेदनले औंल्याएका पेश्की र वेरुजु फर्छ्यौट गर्ने कार्य प्राथमिकतामा पर्न सकेको देखिएन।

८. प्रगति विवरण, आर्थिक विवरण तथा अन्य प्रशासनिक अभिलेख व्यवस्थित ढंगवाट राखेको पाइएन। व्यवस्थापन परीक्षण टोलीले मागेको वखत त्यस्ता विवरणको अभिलेख चुस्त दुरुस्त ढंगवाट समयमै प्राप्त हुन नसकेको।

९. विगत वर्षहरू देखि नैं ठोस अध्ययन र कार्ययोजना विना नैं ठूलो परिणाममा विभिन्न किसिमका प्रचार तथा अन्य सामग्रीहरू छपाई गरिएको तर लक्षित वर्गलाई त्यसको वितरण/ प्रयोग नगरी त्यसै स्टोरमा थुपारेर राखेको पाईयो।

१०. कार्यालयलाई चाहिने जिन्सी मालसामानको खरिद, दाखिला र खर्च गराई व्यवस्थित र पारर्दर्शी ढंगवाट भएको पाइएन।

११. कर्मचारी व्यक्तिगत विवरण अभिलेख, वरवुझारथ, कर्मचारी सरूवा भै जाँदा वा आउँदा तयार गरिने रमाना पत्र र तत्सम्बन्धी अभिलेख व्यवस्थापन चुस्त दुरूस्त भएको पाइएन।

**७. विगतका प्रतिवेदनमा उल्लिखित विषयहरुको फरफारक र कार्यान्वयन :**

विगतमा व्यवस्थापन परीक्षण नभएको ।

**८. परीक्षण टोलीको समग्र अवलोकन र धारणा :-**

(क) **सङ्गठनले गरेका अनुकरणीय विषय :**

कुनै उल्लेख्य अनुकरणीय विषय नदेखिएको।

(ख) **तत्काल सुधार गर्नुपर्ने नीतिगत विषय :**

१. विद्यालय क्षेत्र सुधार योजनालाई शिक्षा विभागवाट अलग गरी छुट्टै संस्थाको रूपमा संचालन गरिनुपर्ने। जसका लागि छुट्टै आयोजना वनाई आयोजनामार्फत कार्यक्रम संचालन गरिनु उपयुक्त हुने। यस्ता कार्यक्रमले निरन्तरता पाइरहने भएकोले Organization and Management (O & M) Survey गरी प्राप्त हुने प्रतिवेदनका आधारमा आयोजनाको संगठन संरचना तयार गरी आयोजना संचालन गरिनु उपयुक्त हुने देखिएको। शिक्षा विभागले आफ्नो नियमित कामको अलावा योजनासमेत संचालन गर्दा काममा प्रभावकारिता

आउन नसकेको। शिक्षा विभागवाट योजना संचालन गरिदा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, नियन्त्रण र दातृ निकायहरूसँग प्रभावकारी ढंगवाट समन्वय हुन नसकेको।

२. शिक्षा मन्त्रालयवाट योजना प्रमुख (महानिर्देशक) छिटो छिटो परिवर्तन हुने गरेको पाईएकोले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा प्रभावकारिता आउन नसकी निर्धारित लक्ष्य हासिल गर्न कठिनाई हुने गरेको देखिएकोले योजना प्रमुख (महानिर्देशक) लाई खटाउँदा कार्य सम्पादन सम्झौता गरेर मात्र खटाउने र निजले सम्झौता वमोजिम कार्य सम्पादन गर्न नसकेको अवस्थामा मात्र निजलाई सरूवा गर्ने अन्यथा निजलाई पूरा अवधि काम गर्न दिने व्यवस्थालाई कडाईका साथ लागू गर्नुपर्ने।

३. निजामती सेवा ऐन तथा नियमावलीमा व्यवस्था भए वमोजिम शिक्षा विभागले आन्तरिक सरूवा निति/निर्देशिका वनाई लागु गर्नुपर्ने।

४. योजनाको अस्थायी दरवन्दीमा सेवा करारमा कर्मचारी नियुक्ति गर्दा स्पष्ट मापदण्ड वनाई दक्ष व्यक्तिहरूलाई मात्र सेवा करारमा लिइनुपर्ने।

## ९. विद्यालय क्षेत्र सुधार योजनाको नीतिगत कार्यान्वयन :

अवलोकन भ्रमणको सन्दर्भमा शिक्षा विभागवाट तयार भएको **SSRP Policy Matrix (Status as of February 2011)** लाई अध्ययन गर्दा विद्यालय पुनर्संरचना, निः शुल्क शिक्षा, गुणस्तर सुधार, गुणस्तर मानक र मापन विधि, सामाजिक समावेशीकरण, लेखाजोखा, पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिशु शिक्षा र विकास, शिक्षक व्यवस्थापन, शासन र जवाफदेहिता, क्षमता विकास र विद्यालय क्षेत्र सुधार योजनाको समग्रतम व्यवस्थापन आदि शीर्षकमा नीतिगत विश्लेषण गरेको देखियो। सो अनुसार फेब्रुअरी २०११(२०६७ माघ) सम्म हासिल भएका उपलव्धीहरू देहाय अनुसार छनः-

१. शिक्षा ऐनको संशोधन प्रस्ताव तयार भई मन्त्रिपरिषद् मार्फत व्यवस्थापिका संसदमा पेश गर्ने क्रममा रहेको।

२. कक्षा (९-१२) को पाइलट कार्यक्रम मन्त्रिपरिषदवाट स्वीकृत भएको।

३. अनिवार्य प्राथमिक शिक्षाका लागि काटमाडौं र काभ्रेमा पाइलट कार्यक्रम शुरू भएको।

४. शिक्षा सेवा आयोग नियमावलीमा संशोधन गरी कूल रिक्त पद मध्ये ४५ (पैंतालीस) प्रतिशत पदमा आरक्षणको व्यवस्था भएको।

*यस सम्बन्धी विस्तृत विवरण अनुसुची-....मा उल्लेख गरिएको छ।*

## १०. विद्यालय क्षेत्र सुधार योजनाको वितीय व्यवस्था :

यो योजना वहुदातृ संस्था भएको आयोजना हो। विश्व वैंकको खरिद निर्देशिका (Procurement Guideline ) अनुसार वस्तु तथा सेवा र निर्माणकार्य खरिद गरिने प्रावधान रहेको छ। सेक्टर एप्रोच मुताविक शिक्षा क्षेत्रमा गरिने सम्पूर्ण लगानीलाई एउटै डालो प्रणाली (Basket system) मार्फत खर्च गर्दा साधन स्रोतको दुरुपयोग

नहुने, साधन नछरिने, दोहोरो प्रयोग नहुने भई एकीकृत विवरण एवं आँकडा एकै ठाँउवाट प्राप्त भई नीति निर्माणमा मद्दत पुग्ने देखिन्छ। यस सम्बन्धमा हालसम्म विकास पद्धतिमध्ये यसलाई सवैभन्दा राम्रो मानिन्छ।

शिक्षा विभागले उपलव्ध गराएको वित्तीय तथ्याङ्क, आँकडा, विवरण, दातृ संस्थावाट प्राप्त प्रतिकृया, अद्यावधिकरूपमा हुने मिसन रिभ्यू (Mission Review) का स्मरण पत्र (Aide-memmorie) अध्ययन गर्दा धेरै त्रृटीहरू देखिए। दातृ पक्षले सहज भाषामा गंभीर आपत्ति जनाएको समेत पाइयो।

वैदेशिक स्रोत/ साधन परिचालन गर्न अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, शिक्षा मन्त्रालय, महालेखाका परीक्षकको विभाग दातृ समूह लगायत सरोकारवालाहरुको अत्यान्त ठूलो भूमिका रहन्छ। योजनाको वित्तीय स्वास्थ्य हेर्दा (Financial Health) दातृ पक्षहरू शिक्षामा लगानी गर्न जुन रूपमा देखिन्छन, त्यही रुपमा नेपाल सरकारवाट प्रदान गरिने वित्तीय विवरण (Financial Management Reports - FMRS) आवधिक प्रतिवेदन, सयुक्त पुनरावलोकन (Joiont Review) प्रतिवेदन, अनुदान सहमति पत्र (Grant Assistance Agreement) मा उल्लेखित कोशेढुङ्गा (Mile Stones) हरूको पालना लगायतका विवरणहरू समयमा तयार गरेको पाइएन। उदाहरणको लागि शिक्षा ऐनमा परिवर्तन गर्ने कुरा उल्लेख भएको तर त्यसवारे मन्त्रिपरिषद मार्फत व्यवस्थापिका संसदमा प्रस्ताव लग्ने कार्यका लागि मात्र १८(अठार) महिना वितेको देखिन्छ। यस कार्यका लागि मन्त्रालयले पार गरेका चरणहरू(अर्थ मन्त्रालय र कानून मन्त्रालयको सहमति, सरोकारवालावीचको छलफल-विमति-मतैक्य आदिको श्रृंखला इत्यादी) को स्पष्ट देखिने गरी लिखित अभिलेख राखेको भए दातृ पक्षलाई जानकारी र जनाउ दिन सजिलो हुने थियो। यसका लागि आवश्यक परे दातृ पक्षसँग छलफल गरी थप स्रोतको व्यवस्था गर्ने र नियमानुसार दक्ष कर्मचारी एवं परामर्शदाता नियुक्ति गर्नु पर्ने देखिन्छ।

योजनाको वित्तीय व्यवस्थापनका खास खास स्रेस्ताहरू रहेका छन। तर सहायक स्रेस्ताहरु जस्तै; सोधभर्नाका लागि दातृ संस्थागत स्रोतगत स्रेस्ता(रजिष्टर) राख्ने र अद्यावधिक गर्ने, खरिद योजना वनाउने र अद्यावधिक गर्ने, कर्मचारीको सरूवा गर्दा हाल साविक गरी स्रेस्ता अद्यावधिक गर्ने, खर्चको विवरण(Statement of Expenditure- SOE) तयार गर्न चाहिने सहायक कागजात समयमै जिल्ला स्थित कार्यालयवाट मगाउने र अद्यावधिक गर्ने परिपाटी वसालिएको देखिएन। यसका लागि अनुभवी, योग्य र दक्ष कर्मचारीको व्यवस्था हुन जरूरी छ। वित्तीय विवरण (FMRS) र खर्चको विवरण (SOE) तयारीमा संलग्न कर्मचारीलाई सघन तालीमको व्यवस्था हुन जरूरी छ। आर्थिक प्रशासन शाखा, योजना शाखा र कर्मचारी प्रशासन शाखामा काम गर्ने यस्ता कर्मचारीहरूलाई चरणवद्धरूपमा ६(छ) महिना भित्र तालिम दिने, दिग्दर्शन वनाई लागु गर्ने, क्षेत्रीय निर्देशनालयहरूवाट अनुगमन तथा मूल्याङ्कन गरी गराई विवरण संकलनमा जिम्मेवारी दिने व्यवस्था मिलाए दातृ पक्षवाट प्रवाह हुनुपर्ने वैदेशिक अनुदान सहायता रकम निर्वाध रूपमा प्राप्त हुने थियो।

**(ग) सङ्गठनले कार्य प्रक्रियामा तत्काल सुधार गर्नुपर्ने विषय :**

१. विभागमा कार्यरत सवै निजामती कर्मचारीहरूको आवश्यक प्रक्रिया पुऱ्याई तत्काल तलवी प्रतिवेदन पारित गराउनुपर्ने।

२. जिन्सी निरीक्षण कार्य अविलम्व सम्पन्न गरी प्राप्त प्रतिवेदनका आधारमा प्रयोगमा आउने जिन्सी मालसामानको पुनः प्रयोग, मर्मत संभार गर्नु पर्नेको मर्मत संभार र प्रयोगमा नआउने तथा मर्मत नहुने जिन्सी सामान भए अविलम्ब लिलाम प्रक्रिया अघि वढाउने।

३. वेरुजु/पेश्की रकम फछ्र्यौट कार्य तत्काल प्रारम्भ गरी वेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखिनु पर्ने । वेरूजु/पेश्की फछ्र्यौट गर्न अटेर गर्ने वा नगर्ने कर्मचारी, व्यक्ति वा संस्थालाई प्रचलित कानून वमोजिम कारवाहीका लागि प्रक्रिया अघि वढाउने।

(घ) **छलफल/अन्तरक्रिया :**

व्यवस्थापन परीक्षणको क्रममा मिति २०६७।१।०३ गतेका दिन शिक्षा विभागको सभाहलमा छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। व्यवस्थापन परीक्षण टोलीमा खटिएका टोली प्रमुख उपसचिव श्री विश्वप्रकाश अर्याल तथा अन्य सहयोगी कर्मचारीहरु, सामान्य प्रशासन मन्त्रालयबाट यस कार्यक्रमको अनुगमनको क्रममा आउनु भएका सह-सचिव श्री दुर्गानिधि शर्मा तथा उपसचिव श्री भोजराज खतिवडा र शिक्षा विभागका निर्देशक श्री हरिप्रसाद वस्याल लगायत विभिन्न महाशाखा तथा शाखाका प्रमुख तथा अन्य कर्मचारीहरुको सहभागितामा छलफल/अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा सम्वद्ध सबै पक्षको सक्रिय सहभागिता रहेको थियो । व्यवस्थापन परीक्षणको क्रममा विभिन्न परीक्षण विधि अनुसार गरिएका परीक्षणबाट देखिएका विषय, अन्तरक्रिया कार्यक्रममा उठान भएका विषय तथा समस्या समेतलाई समेटेर परीक्षण टोलीको सिफारिस खण्ड तयार गरिएको छ ।अन्तरक्रिया कार्यक्रमको कार्य तालिका तथा अन्तरक्रियामा सहभागीहरुको नामावली अनुसूचीमा उल्लेख गरिएको छ । छलफल/ अन्तर्क्रियामा देहायका विषयहरू उठेका थिएः-

१. कार्यक्रमलाई प्रभावकारी वनाउन ४१६ जना विद्यालय निरीक्षकवाट निरन्तर अनुगमन भईरहेको, १०५३ जना स्रोत व्यक्तिहरू कार्यरत रहेका, अनुगमन तथा मूल्याङ्कनका लागि केही अस्थायी दरवन्दी स्वीकृत भई सोही दरवन्दीमा कार्यरत कर्मचारी, शिक्षकका प्रतिनिधि, पत्रकार तथा अविभावक, सेवा निवृत कर्मचारीवाट समेत अनुगमन भई रहेको।यसको अलावा शिक्षा विभागवाटसमेत नियमित अनुगमन हुने गरेको जानकारी पाईयो।

२. विद्यालय क्षेत्र सुधार योजना शिक्षा विभागवाट संचालित कार्यक्रमहरुको छाता कार्यक्रम हो।

३. शिक्षा विभागको कूल वेरूजुमध्ये हाल ४०(चालीस) प्रतिशत वेरूजु फछ्र्यौट भई सकेको छ।अझै फछ्र्यौट हुन वाँकी पेश्कीको परिमाण ठूलो मात्रामा भएको।

४. नेपालको शिक्षा प्रणालीलाई समय सापेक्ष सुदृढ वनाउन नयाँ शिक्षा ऐन आउन जरूरी भै सकेको छ।

५. जिल्ला शिक्षा अधिकारीको छिटो छिटो सरूवा हुने गरेका कारण यस कार्यक्रमको कार्यान्वयनमा असर परेको छ।

६. कार्यक्रम कार्यान्वयनमा संलग्न कर्मचारीहरुको राजनैतिक आस्थाका आधारमा समेत सरूवा हुँदा योजना संचालनमा वाधा पुगेको छ।

७. योजनामा कार्यरत कर्मचारी उत्प्रेरित भई कार्य गर्ने वातावरण नभएको।

८. शिक्षा विभागमा Project Account तयार पार्ने विज्ञको समेत अभाव भएको।

९. अस्थायी दरवन्दीमा अस्थायी वा सेवा करारमा कर्मचारी नराखी स्थायी कर्मचारीलाई काजमा राखि काममा लगाउदा कर्मचारीको आकार सानो भएको।

१०. कर्मचारीलाई अध्ययन, तालीम वा अध्ययन भ्रमणमा जान मन्त्रालयले नैं स्वीकृत दिने गरेकोले त्यसको रेकर्ड विभागमा हुने नगरेको।

११. यस आ.व. मा हालसम्म ४(चार) पटक जिन्सी निरीक्षणको लागि समिति गठन भए पनि हालसम्म कुनै कार्य हुन नसकेको।

१२. विभागमा रिक्त दरवन्दी पदपूर्तिका लागि मन्त्रालयवाट माग आकृति फाराम भरी लोक सेवा आयोगमा पठाउने गरिएको।

१३. गुनासो सुनुवाईको लागि Special Desk राखिएको।

१४. असहाय सहयोग केन्द्रको रुपमा एउटा छुट्टै शाखा खोलिएको।

१५. शिक्षा विभागले चर्चेको जमीन शिक्षा मन्त्रालयको स्वामित्वमा रहेको।

१६. योजनाको Audited project Account तयार भै सकेको तर प्रमाणित हुन बाँकी रहेको।

१७. विभागको आन्तरिक सरूवा निर्देशिक तयार भई स्वीकृतिका लागि शिक्षा मन्त्रालय पठाईएको।

१८.आयोजना प्रमुख (विभागको महानिर्देशक) को छिटो छिटो सरूवा हुँदा निर्धारित कार्यक्रम कार्यान्वयनमा वाधा पुग्ने गरेको।

## ११. परीक्षण टोलीको सिफारिस :-

१. शिक्षा विभागमा रिक्त हुन आएको कुनै पनि पद पदपूर्तिको लागि निजामती सेवा ऐन, २०४९ को दफा ७क तथा निजामती सेवा नियमावली,२०५० को नियम १३ अनुसार माग आकृति फाराम भरी नियमित रुपमा लोक सेवा आयोगमा पठाउने व्यवस्था मिलाउने ।

२. विभागमा कार्यरत निजामती कर्मचारीहरूलाई आ.व. २०६४।६५ देखि तलवी प्रतिवेदन पास नगराई तलव उपलव्ध गराएको देखिएकोले निजामती सेवा ऐनले तोकेको समयावधि भित्र तलवी प्रतिवेदन पास गराएर मात्र कर्मचारीलाई तलव उपलव्ध गराउने व्यवस्था मिलाउने।

३. आ.व. २०६६/६७ देखि जिन्सी निरीक्षण नभएको र प्रयोगमा नआउने मालसामानको लिलाम समेत नभएकोले अविलम्व जिन्सी निरीक्षण गराई लिलाम प्रक्रिया अघि बढाउने ।

४. निजामती सेवा ऐन, २०४९ को दफा ४०घ वमोजिम कुनै पनि निजामती कर्मचारीलाई अध्ययन गर्न, तालीम लिन वा अध्ययन भ्रमणका लागि मनोनयन गर्दा वा अध्ययन विदा स्वीकृत गर्दा त्यस्तो अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरी फर्केर आई ऐनको दफा ४०ग. मा तोकिए वमोजिमको अवधिसम्म अनिवार्य रूपले सेवा गर्नुपर्ने कबुलियत गराएर मात्र मनोनयन वा विदा स्वीकृत गर्नुपर्नेमा त्यसो गरेको नपाइएकोले अव आइन्दा निजामती सेवा ऐन तथा नियमावलीमा व्यवस्था भए वमोजिमको प्रक्रिया पुऱ्याई कवुलियत गराएर मात्र मनोनयन वा विदा स्वीकृत गर्ने व्यवस्था मिलाउने।

५. सरुवा भई जाने वा सरुवा भै आउने कर्मचारीको रमाना व्यवस्थित ढंगले राख्ने गरेको नपाईकोले त्यसको व्यवस्थित ढंगवाट अभिलेख राख्ने/ राख्न लगाउने व्यवस्था गर्ने।

६. जिल्ला शिक्षा अधिकारीलाई शिक्षा विभागमको उपनिर्देशक पदमा र शिक्षा विभागको उपनिर्देशकलाई जिल्ला शिक्षा अधिकारीको पदमा र विद्यालय निरीक्षकलाई शिक्षा विभागमा लामो समयदेखि काजमा खटाइएको पाइएको हुँदा लामो समयसम्म कुन कानूनी प्रकृयाद्वारा काजमा खटाइएको हो सोको जानकारी माग गर्ने र अब आइन्दा ऐन नियमले तोकेको परिधि भित्र रहेर मात्र काजमा खटाउने व्यवस्थालाई कडाइका साथ लागू गर्ने ।

७. संगठन र व्यवस्थापन सर्वेक्षण कार्यलाई प्राथमिकतामा राखि संगठन संरचना र दरवन्दी निश्चित गर्ने ।

८. सरुवा नीति बनाएर सरुवाका मापदण्डका आधारमा मात्र सरुवा गर्ने प्रकृयालाई थालनी गर्ने ।

९. योजनामा चाहिने अस्थायी दरवन्दीका पदमा स्थायी कर्मचारीहरूवाट पदपूर्ति गर्ने सन्दर्भमा दुर्गम जिल्लावाट काजमा झिकाउने परिपाटी अन्त्य गरिनुपर्छ। केन्द्रीय निकाय(शिक्षा विभाग) कै कर्मचारीवाट त्यस्तो दरवन्दीमा कर्मचारी पूर्ति गर्न सकिने वातावरण तयार गर्नु पर्दछ।

# अनुसूची - १

विभागीय स्तर व्यवस्थापन परीक्षण कार्यक्रमको अन्तरक्रिया

(विद्यालय क्षेत्र सुधार योजना)

अन्तरक्रिया कार्यक्रमको कार्यतालिका

मिति २०६७।१२।०३

| क्र. सं. | कृयाकलाप | समय | मुख्य एवं सहयोगी | कैफियत |
|---|---|---|---|---|
| १ | सहभागी नाम दर्ता (फोल्डर वितरण) | २.०० बजे | शा.अ. मधुसुधन पराजुली | - |
| २ | अन्तरक्रिया प्रारम्भ<br>२क.अन्तरक्रिया बारे प्रकाश | २.१५ बजे | उपसचिव विश्व प्रकाश अर्याल | - |
| ३ | अन्तरक्रियाको विस्तृत विवरण<br>३क. विस्तृत प्रस्तुती | २.३० बजे | शखा अधिकृत पवन कुमार तिमिल्सिना | |
| ४ | ३ख. यसभन्दा अघि गरिएको व्यवस्थापन परीक्षणका वारेमा व्याख्या गरिएको | ३.०० बजे | उपसचिब भोजराज खतिवडा | - |
| | चियापान | ३.३० बजे | - | - |
| ५ | सहभागीहरुबाट अन्तरक्रियामा छलफल | ३.४५ बजे | खुल्ला छलफल | - |
| ६. | शिक्षा विभागमा महाशाखा प्रमुखबाट अन्तरक्रियामा उठेका प्रश्नका बारेमा जानकारी | ४.१५ बजे | सहसचिव हरिप्रसाद वस्याल | - |
| ७ | शिक्षा विभाग का उपनिर्देशकज्यूबाट आ-आफ्ना शाखाको गतिविधि बारे जानकारी | ४.४० बजे | | - |
| ८ | सामान्य प्रशासन मन्त्रालयवाट अनुगमनका लागि खटिनु भएका अनुगमनकर्तावाट कार्यक्रमको उपलब्धी, नेपाल सरकारको विद्यमान ऐन कानूनमा भएको व्यवस्था र निजामती प्रशासनमा गरिने प्रस्तावित सुधार योजनामा व्यवस्थापन परीक्षणवाट हुने उपलव्धिका वारे जानकारी सहित उठेका प्रश्नका जवाफ एवं कार्यक्रम विसर्जन । | ५.०० बजे | सहसचिव दुर्गानिधि शर्मा | |

स्थान : शिक्षा विभागको सभाहल, सानोठिमी, भक्तपुर ।

# अनुसूची - २

विद्यालय क्षेत्र सुधार योजनामा भएको अन्तरक्रिया/छलफल कार्यक्रममा सहभागीहरुको नामावली

| सि.नं. | पद | कर्मचारीको नाम, थर | कार्यालयको नाम |
|---|---|---|---|
| १ | सह-सचिव | श्री दुर्गानिधि शर्मा | सामान्य प्रशासन मन्त्रालय |
| २ | निर्देशक | श्री हरि प्रसाद बस्याल | शिक्षा विभाग |
| ३ | निर्देशक | श्री खगराज बराल | शिक्षा विभाग |
| ४ | प्रमुख लेखा नियन्त्रक | श्री हरि प्रसाद पन्थी | शिक्षा विभाग |
| ५ | उपनिर्देशक | श्री दीपक शर्मा | शिक्षा विभाग |
| ६ | उपसचिव | श्री कृष्ण ढुंगाना | शिक्षा विभाग |
| ७ | उपनिर्देशक | श्री बलराम तिमिल्सिना | शिक्षा विभाग |
| ८ | उपनिर्देशक | श्री विष्णु बहादुर जि.सी. | शिक्षा विभाग |
| ९ | उपसचिव | श्री होमनाथ न्यौपाने | शिक्षा विभाग |
| १० | उपसचिव | श्री कर्ण बहादुर भुवाजी | शिक्षा विभाग |
| ११ | उपसचिव | श्री विश्व प्रकाश अर्याल | सामान्य प्रशासन मन्त्रालय |
| १२ | उपसचिव | श्री भोजराज खतिवडा | सामान्य प्रशासन मन्त्रालय |
| १३ | शाखा अधिकृत | श्री पवन कुमार तिमिल्सिना | सामान्य प्रशासन मन्त्रालय |
| १४ | शाखा अधिकृत | श्री प्रेमप्रसाद घिमिरे | सामान्य प्रशासन मन्त्रालय |
| १५. | लेखा अधिकृत | श्री वावुराम थापा | सामान्य प्रशासन मन्त्रालय |
| १६. | शाखा अधिकृत | श्री मुधसुधन पराजुली | शिक्षा विभाग |
| १७. | नायव सुव्वा | श्री रोशन ओझा | सामान्य प्रशासन मन्त्रालय |

## अनुसूची-३

### शिक्षा विभागबाट २०६७ श्रावण महिनादेखि  हालसम्म वैदेशिक भ्रमणमा गएका कर्मचारीहरुको विवरण

| सि. न. | पद | नाम, थर | देश | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | महानिर्देशक | डा. लवदेव अवस्थी | फिनल्याण्ड | २०६७।०७।०१ देखि २०६७।०७।०९ सम्म | |
| २ | निर्देशक | श्री हरि प्रसाद बस्याल | जापान | २०६७।०९।०२ देखि २०६७।०९।१० सम्म | |
| ३ | निर्देशक | श्री डिल्लीराम रिमाल | इण्डोनेसिया | २०६७।०६।११ देखि २०६७।०६।१८ सम्म | |
| ४ | निर्देशक | श्री डिल्लीराम रिमाल | वगलादेश | २०६७।०८।१७ देखि २०६७।०८।२५ सम्म | |
| ५ | निर्देशक | श्री डिल्लीराम रिमाल | वेलायत | २०६७।११।१७। देखि | |
| ६ | निर्देशक | श्री खगराज बराल | फिनल्याण्ड | २०६७।०७।०१ देखि २०६७।०७।०९ सम्म | |
| ७ | निर्देशक | श्री खगराज बराल | जेनेभा | २०६७।१०।०७ देखि २०६७।१०।१६ सम्म | |
| ८ | उपनिर्देशक | श्री अरुण कुमारी तिवारी | जापान | २०६७।०८।१८ देखि २०६७।०८।२४ सम्म | |
| ९ | उपसचिव | श्री शंकर बहादुर थापा | थाइल्याण्ड | २०६७।०६।२२ देखि २०६७।०६।२८ सम्म | |
| १० | उपसचिव | श्री सुरेन्द्र आचार्य | सिगापुर | २०६७।०६।०१ देखि २०६७।०६।२४ सम्म | |

### शिक्षा विभागबाट हाल अध्ययन विदामा रहेका कर्मचारीहरुको विवरण

| सि. न. | पद | नाम, थर | देश | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | उपसचिव | श्री कृष्ण प्रसाद घिमिरे | चिन | २०६७।०५।१२ | |
| २ | इन्जिनियर | श्री युवराज पौडेल | जापान | २०६६।०६।०६ देखि २०६९।०६।०५ सम्म | तलवी अध्ययन विदा |

शिक्षा विभागमा स्थापनाकालदेखि हालसम्म कार्यरत महानिर्देशकहरुको नामावली/कार्यावधि

स्थापना मिति २०५६।०२।०९

| सि. न. | नाम, थर | अवधि | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | श्री खड्गमान सिह | २०५६।०४। | २०५७।०६।१५ | |
| २ | श्री चन्द्र बहादुर खड्का | २०५७।०६।१६ | २०५७।०६।१६ | |
| ३ | श्री चुमान सिंह बस्नेत | २०५७।०६।१७ | २०५९।०७।१२ | |
| ४ | श्री सत्य बहादुर श्रेष्ठ | २०५९।०७।२७ | २०६१।११।२१ | |
| ५ | श्री चुमान सिंह बस्नेत | २०६०।१२।२३ | २०६१।११। | |
| ६ | श्री जनार्दन नेपाल | २०६१।११।२२ | २०६५।०८।०३ | |
| ७ | श्री महाश्रम शर्मा | २०६५।०५।०४ | २०६६।१०।०५ | |
| ८ | श्री हरिबोल खनाल | २०६६।१०।०१ | २०६७।०५।२२ | |
| ९ | डा. लवदेव अवस्थी | २०६७।०६।०८ | हालसम्म | |

श्रीमान् सचिवज्यू,                                                                 मिति :- २०६७।१२।२३

सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

*विषय :- <u>प्रतिवेदन पेश गरेको सम्बन्धमा ।</u>*

प्रस्तुत विषयमा यस मन्त्रालयको मिति २०६७।१०।४ को निर्णय अनुसार शिक्षा विभाग अन्तर्गतको विद्यालय क्षेत्र सुधार कार्यक्रमको व्यवस्थापन परीक्षण गर्नका लागि मिति २०६७।११।२३ देखि मिति २०६७।१२।०३ सम्म खटि गएकोमा सो विभागको व्यवस्थापन परीक्षणको कार्य सम्पन्न गरी सोको प्रतिवेदन पेश गरेका छौं ।

<u>प्रतिवेदन प्रस्तोताहरु :</u>

<u>अनुगमनकर्ता</u>

सहसचिव दुर्गानिधि शर्मा

उपसचिव भोजराज खतिवडा

<u>परिक्षण टोली</u>

उपसचिव विश्व प्रकाश अर्याल

शाखा अधिकृत प्रेम प्रसाद घिमिरे

शाखा अधिकृत श्री पवन कुमार तिमिल्सिना

लेखा अधिकृत श्री बाबुराम थापा

नायब सुब्बा श्री रोशन ओझा